

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर १ गते बिहीबार ❑ 17 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको एघार बुँदे निर्देशन

रासस
काठमाडौं, ३० कार्तिक

निर्वाचन आयोगको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले सरकार, गृह मन्त्रालयमार्फत सम्बद्ध निकायलाई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न गराउन विभिन्न निर्देशन दिएको छ।

बुधबार बसेको सो समितिको बैठकले निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका काम गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधि नगर्न नगराउन उपयुक्त सुरक्षा रणनीति अवलम्बन गर्ने निर्णय गरेको छ । निर्वाचनमा आचारसंहिता उल्लङ्घनका गतिविधि, निर्वाचन प्रचारप्रसार निषेध अवधिमा हुनसक्ने अवाञ्छित गतिविधि, हातहतियार निषेधजस्ता कार्यको निगरानी गरी पूर्णरूपमा नियन्त्रणका लागि सम्बद्ध सबै पक्ष सक्रियरूपमा परिचालित हुन बैठकले निर्देशन दिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनको मितिभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने बताउनुभयो। मतदानको दिनको ४८ घण्टा अगाडिदेखि प्रचारप्रसार गर्न निषेध गरिएकाले उक्त अवधिमा सुरक्षा निकायले निगरानी बढाइ प्रचारप्रसारलगायतका निर्वाचन कानून प्रतिकूल हुने कुनै पनि प्रकारका अवाञ्छित गविविधि पूर्णरूपमा नियन्त्रण गर्ने, आयोगबाट जारी गरिएको मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ को पूर्ण पालना गरी, गराई मतदानका दिन सवारीको व्यवस्थित आवागमनको प्रबन्ध गर्ने, सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा ३० मिनेटभित्र पुग्नसक्ने गरी पर्याप्त रिजर्भ फोर्सको व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन गर्नेगरी निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो। सो समितिमा गृह र रक्षा मन्त्रालयका सचिवसहित चारवटै सुरक्षा अङ्गका प्रमुख सहभागी हुनुहुन्छ।

निर्वाचनलाई शान्तिपूर्णरूपमा निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न क्षेत्रगत संवेदनशीलता समेतलाई ध्यान दिई गरी पर्याप्तमात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाउन, उक्त घुम्ती टोलीले निर्वाचन आचारसंहिता, २०७९ तथा निर्वाचन (कसुर तथा सजाय), ऐन, २०७३ बमोजिम निषेध गरेका विषयमा सघन अनुगमन र कारवाही गर्ने र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकारसमेतप्रयोगगर्न,यसरीघुम्तीटोली परिचालन गर्दा महानगरपालिका, उपमहानगरपालिका, जिल्ला सदरमुकाम रहेका पालिका र काठमाडौँ उपत्यकाबाहेकका अतिसंवेदनशील र संवेदनशील निर्वाचन क्षेत्रमा आवश्यकता हेरी परिचालन गर्न निर्देशन दिइएको छ।

निर्वाचन सम्पन्न भएपश्चात् मतपत्रसहितको मतपेटिका ढुवानीसम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्न, मतदानका दिन सबै आममतदाताले निर्वाधिरूपमा मतदान गरी आफ्नो मताधिकार सुनिश्चित हुने वातावरण तय गर्ने व्यवस्था मिलाउन, आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा प्राप्त भएका निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी गतिविधिको अध्ययन गरी आवश्यकताअनुसार नियन्त्रण र व्यवस्थापनका लागि सम्बद्ध सबै पक्षले उपयुक्त कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन र मतगणना कार्यलाई निर्वाधिरूपमा सञ्चालन गर्न मतगणनास्थलको पर्याप्त सुरक्षा प्रबन्ध मिलाउने तथा सम्बद्ध निकायले सोको योजनाबद्ध तयारी र व्यवस्थापन गर्न/गराउन निर्देशन दिइएको छ।

## विश्वकप हेर्न शुल्क तिर्नुपर्ने

रासस
काठमाडौं, ३० कार्तिक

सर्वोच्च अदालतले विश्वकप फुटबल प्रतियोगिताका नाममा कुनै पनि रकम नउठाउन दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ।

न्यायाधीशद्वय प्रकाशकुमार ढुङ्गाना र डा मनोजकुमार शर्माको संयुक्त इजलासले आज उक्त रिटमा सुनुवाई गर्दै विश्वकपको प्रत्यक्ष प्रसारणबापत शुल्क लिने 'मिडिया हब'को निर्णय कार्यान्वयन गर्न बाटो खोलेको हो। मिडिया हबले ग्राहकसँग विश्वकप प्रसारणका लागि रु पाँच सय उठाउने निर्णय गरेको थियो । उक्त निर्णयका विरुद्धमा अधिवक्ता किशोर पौडेलले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो।

यसअघि, न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले यही कात्तिक २२ गते विश्वकपका नाममा विज्ञापनबापत प्रतिग्राहक रु पाँच सय उठाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको थियो । रिट निवेदनमा राष्ट्रिय प्रसारण नियमावलीमा सरकारले बाहेक रकम तोक्न नपाउने व्यवस्थाविपरीत मिडिया हबले गरेको निर्णय रोक लगाउन आदेशको माग गरिएको थियो। केबल टेलिभिजन लिएबापत तिर्नुपर्ने सेवा शुल्क तिरेर सहजै विश्वकप हेर्न पाइने व्यवस्था रहेकामा निजी कुनै कम्पनीले त्यस्तो निर्णय गर्न नपाउने रिट निवेदनमा थियो । नेपालमा विगत लामो समयदेखि विश्वकप फुटबल प्रतियोगिताको टेलिभिजनमा विभिन्न च्यानलले प्रत्यक्ष प्रसारण गर्दै आएका छन् । आगामी मंसिर ४ गतेदेखि कतारमा विश्वकप हुँदैछ । प्रतियोगिताको तालिकासमेत सार्वजनिक भइसकेको छ। विश्वकपमा यसभन्दा अघिका संस्करणहरू सहज तरिकाले हेर्न मिल्ने व्यवस्था रहेकोमा यसपटक शुल्क तोकिएको हो।






## विकासका लागि स्थिर सरकार आवश्यकः उपमहासचिव गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, ३० कार्तिक

नेकपा (एमाले)का केन्द्रीय उपमहासचिव तथा गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुक विकासका लागि एमालेको स्थिर सरकार आवश्यक रहेको बताउनुभएको छ।

बुधबार सुन्दरबजार नगरपालिका-८ बलिथुङमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै उहाँले एमालेलाई बहुमतका साथ विजयी बनाए स्थिर सरकार हुने र मुलुकको विकास हुने दाबी गर्नुभयो।

आफू मुख्यमन्त्री छँदा थालनी गरेका र सम्पन्न हुन बाँकी विकासका काम पूरा गर्दै जिल्लामा विकासको लहर ल्याउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । लमजुङको विकास हेर्न र अनुभूति गर्न चाहने हो भने एमालेका उम्मेदवारलाई विजयी गराउन आवश्यक रहेको उहाँको भनाइ छ । "विगतमा पनि जिल्लाको विकासमा लागेका थियौँ, अब पनि लाग्नेछौँ यो हाम्रो प्रतिबद्धता भयो", उहाँले भन्नुभयो ।" त्यस्तै, लमजुङ प्रदेशसभा २ का उम्मेदवार तथा जिल्ला अध्यक्ष कृष्णप्रसाद अधिकारीले आफू सधैँ जिल्लाकै विकासका लागि राजनीति गर्दै आएकाले आफूले जितेमा सबै जनता र जिल्लाको विकास र सेवामा लाग्ने बताउनुभयो।

आफूसहित एमालेका सबै उम्मेदवारलाई जिताएर दलित, लोपोन्मुख समुदाय, युवा, महिला, जतजातिलगायत सबैले विकासको अनुभूति प्राप्त गर्न उहाँले आग्रह गर्नुभएको छ।




# पोखरामा पर्यटन विकास मार्फत जिविकोपार्जन सुधार परियोजना

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० कार्तिक**

पोखराको पर्यटनलाई जिविकोपार्जनसँग जोड्न छनोट भएका परियोजना माथि पोखरामा सरोकारवालाबीच छलफल गरी आवश्यक सुझाव संकालन गरिएको छ।

एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा संचालन हुने क्षेत्रीय शहरी उत्थानशिलता तथा जिविकोपार्जन सुधार कार्यक्रम परियोजना अन्तर्गत पोखरा महानगरपालिकामा कार्यन्वयन हुने परियोजना छनोटका लागि महानगरले सरोकारवाला बीच छलफल कार्यक्रम गरी आवश्यक सुझाव लिएको हो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले शहरी विकास र वातावरण सन्तुलन कायम गरि नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यका साथ संचालित यस कार्यक्रमले पोखराको पर्यटन विकासमा पनि उल्लेखनीय योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

शहरीविकास तथा भवन निर्माण विभाग अन्तगत संचालित यस कार्यक्रम महानगरले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको जानकारी दिदै उहाँले प्राकृतिकमैत्री हरित विकासबाट पर्यटन क्षेत्रलाई पवर्द्धन गर्न सकिने र त्यसकालागि पोखरा उत्कृष्ट रहेको बताउनुभयो।

पोखरालाई पर्यटनको राजधानी बनाउन सबैको साझा सोच र विकासप्रतिको सकारात्मक धारणा जरुरी रहेको उल्लेख गर्दै प्रमुख आचार्यले पोखराको प्राकृतिक सुन्दरतामा असर पर्ने कार्यलाई निरुत्साहित गर्दै कार्यक्रम अगाडि बढाइने बताउनुभयो। उहाँले महानगरको नीतिमानै ग्रिन सिटीलाई जोड दिएकाले परियोजना पनि त्यहि अनुकुल सञ्चालन हुनेमा जोड दिनुभयो। रुपान्तरणकारी परियोजना छनोट गर्न आइसिएफ इन्टरनेशनल नामक संस्था मार्फत अध्ययन भइसकेको महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत विरेन्ददेव भारतीले जानकारी दिनुभयो। उहाँका अनुसार अध्ययनबाट पहिलो चरणमा छनोट भएका १९ परियोजना माथि विभिन्न क्षेत्रका सरोकारवालाबीच आवश्यक छलफल र थप सुधारका लागि सुझाव लिइएको हो। ले नेपालको ८ वटा नगरपालिकामा प्रकृतिलाई जीवनयापनसँग जोड्नका लागि करिब ५ अर्ब रकम ऋण सहयोग गर्न लागेको र त्यसको लागि प्राकृतिक सुन्दरताले भरिपूर्ण पोखरा उत्कृष्ट शहरको रुपमा रहेको दिगो पर्यटन विकास कार्ययोजनाका टोली प्रमुख रिपिन कार्लाले बताउनुभयो। कार्लाका अनुसार यो परियोजना सन् २०२४ बाट शुरु भएर पाँच वर्ष भित्रमा सम्पन्न हुने अपेक्षा गरिएको छ। पोखराका मानिसहरु प्रकृतिप्रेमी भएको र यस परियोजनाले वातावरण जोगाएर जिविकोपार्जन कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा महानगरपालिका जनप्रतिनिधि, कर्मचारी, विषय विज्ञ पर्यटन, यातायात, वातावरण विज्ञ लगायतका सरोकारवालहरुको उपस्थिती रहेको थियो। सहभागीहरुले प्रस्तावित परियोजना सुधारका लागि विषयगत समुहमा छलफल गरि पोखराको दिगो पर्यटनलाई कसरी जिविकोपार्जनसँग जोड्न सकिन्छ भन्ने आधारहरु सहित सुझावहरु दिनुभएको थियो।

# वाईवाई छनौंट क्रिकेटमा नवलपुर च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० कार्तिक**



वाईवाई गण्डकी प्रदेश स्तरिय क्रिकट छनौंट प्रतियोगितामा नवलपुर लिगको शिर्षस्थानमा रहँदै च्याम्पियन बनेको छ।

नवलपुरले ३ खेलमा पुरा जित निकाल्दै ६ अंक सहित शिर्षस्थान कायम गरेको हो। मंगलबार पोखरा रंगशालामा भएको अन्तिम खेलमा कास्कीले स्याङजामाथि १ सय ७५ रनको जित निकाल्दै ४ अंक सहित दोश्रो स्थान कायम गर्‍यो।

प्रादेशिक क्रिकेट संघ, गण्डकीको आयोजनामा भएको खेलमा कास्कीले पहिला ब्याटिङ गर्दै पुरा ५० ओभरमा ९ विकेट गुमाएर २ सय ८३ रनको विशाल योगफल तयार पार्‍यो। कास्कीको तर्फबाट अर्जुन कुमालले ७५, शोहिल कुँवरले ६७ तथा सिब्रिन श्रेष्ठले ६४ रन बनाए। स्याङजाका बलरहरु संयोग बस्यालले ३ र बिमल कँडेलले २ विकेट लिए। स्याङजाको पारी ३३.३ ओभरमा १ सय ८ रनमा समेटिदा कास्कीका बलरहरु म्यान अफ द म्याच सुवास भण्डारीले ५ र सिब्रिन श्रेष्ठले २ विकेट लिए।

स्याङजाका कृष्ण खड्काले २५ र करण पँगेनीले १५ रन जोडे। प्रतियोगिताभर कुल ९ विकेट सहित ५१ रन जोडेका कास्कीका सुवास भण्डारी सर्वोत्कृष्ट बलर, ३ म्याचमा १ सय ६० रन बनाएका कास्कीकै शोहिल कुँवर उत्कृष्ट ब्याट्स्म्यान तथा दिपक डुम्रे सर्वोत्कृष्ट खेलाडी भए।

प्रतियोगिताका विजयी खेलाडीहरुलाई प्रादेशिक खेलकुद परिषद् गण्डकीका सदस्य सचिव घनश्याम पौडेल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङ्ग, प्याप्सनका सल्लाहकार डोलराज पाण्डे लगायतले आयोजक संघका अध्यक्ष देवेन्सन प्रजु लगायतले पुरस्कार वितरण गरे।

# देशको भविष्यको फैसला गर्ने दिन मंसिर ४ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**वालिङ, ३० कार्तिक**



स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यका नेपाली कांग्रेसका उम्मेदवार धनराज गुरुङले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनले राजनीतिक भविष्यको फैसला गर्ने बताउनुभएको छ।

गल्याङ-३ मा भएको घरदैलो तथा कोणसभालाई सम्बोधन गर्दै कांग्रेसका उपसभापति गुरुङ्ले कस्तो नेतालाई मत दिन्छौं यसैका आधारमा भविष्यको फैसला हुने छ भन्नुभयो। "हामीले कस्तो प्रवृत्तिको नेता चुन्छौं त्यसैको आधारमा भविष्यको निर्धारण हुन्छ", उहाँले भन्नुभयो, "जस्तो प्रवृत्तिको नेता चुन्छौं त्यहीअनुसारको भविष्य निर्धारण हुन्छ, त्यसैले मङ्सिर ४ गते आफ्नो मतबाट फैसला गर्नुहोस्।" गरिब जनताले खाइनखाइ तिरेको करबाट ठूला र पहुँच भएकाले राज्यको ढुकुटीबाट स्वास्थ्य उपचार गर्ने तर तिनै जनताले सामान्य बिरामी हुँदा पनि सिटामोलसमेत नपाउने अवस्थाको अन्त्य हुनुपर्ने उहाँले बताउनुभयो। "गरिब जनताले दिएको मतबाट विजयी बन्ने र राज्यको ढुकुटीबाट स्वास्थ्योपचार गर्ने प्रवृत्ति पनि भ्रष्ट प्रवृत्ति हो", उहाँले भन्नुभयो, "हामीले व्यवस्था बदल्यौं तर अवस्था बदल्न सकिरहेका छैनौं, भ्रष्ट प्रवृत्तिको विरुद्ध मत दिएर अवस्था बदल्ने दिन मङ्सिर ४ गतेको दिन हो।" निर्वाचनको मिति नजिकिँदै जाँदा विभिन्न उम्मेदवारले पनि निर्वाचन केन्द्रित गतिविधिलाई तीव्र पारेका छन्।

# लेखनाथ महोत्सव २०७९ को लागि स्टल बुकिङ खुल्ला

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० कार्तिक**

"महोत्सव लेखनाथको सस्कृति, स्थानीय उत्पादन, विकास र संमृद्धि" भन्ने मुल नाराका साथ लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजना तथा विभिन्न संघ संस्थाहरुको सहयोग र सहभागितामा २०७९ साल पौष ०७ गते देखि १८ गते सम्म आयोजना हुने लेखनाथ महोत्सव २०७९ का लागि पहिलो चरणको स्टल बुकिङ कार्तिक ३० गते बुधवार देखि खुल्ला गरिएको संघका महासचिव उपेन्द्रराज सुवेदीले जानकारी दिनुभयो। पहिलो चरणमा आफ्ना ब्यवसायीहरुका लागि स्टल बुकिङ खुल्ला राखेको संघले मंसिर ७ गते देखि सबै उद्योगी व्यवसायीहरुका लागि स्टल खुल्ला गर्ने योजना रहेको स्टल संयोजक भरत थापाले जानकारी दिनुभएको छ।

पोखरा २७ को तालचोकमा हुने १८ औं सस्करणको लेखनाथ महोत्सवका लागि करिव तिन सय ५० वटा स्टल रहने भएको छ।








## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# मत खरिदबिक्री गर्न छाड

प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन हुन अब तीन दिन बाँकी छ। प्रचारप्रसारको लागि आज बिहीबार अन्तिम दिन हो। कार्यकर्ता भेला, घरदैलो सकिएपछि चुनावी सभाको अन्तिम दिनमा उमेदवार र नेता, कार्यकर्तालाई भ्याइनभ्याई छाचुनावी कार्यक्रम सकिएपछि उम्मेदवारहरूले मतदातालाई आफूतिर तान्न सक्दो प्रयास गर्छन। आश्वासन र प्रलोभन दिने काम पछि भोजभतेर र पैसा बाँड्ने काम हुने गर्छायस्तो विकृति लामो समयदेखि नै नेपाली राजनीति र चुनावमा देखिँदै आएको छ। गरिब, सुकुम्बासी र दलित बस्तीमा प्रलोभन दिएर मत खरिद गर्ने कामले निर्वाचनलाई विकृत बनाएको छ।

निर्वाचनको सौन्दर्य भनेकै जनताको मत। तर जब मतकै खरिद बिक्री हुन्छ भने त्यसले लोकतन्त्रलाई बद्नाम गराउँछ। जनताले देशमा परिवर्तन ल्याउन सक्ने भनेकै मत जाहेरबाट हो। तर जब मत नै खरिद बिक्री हुन्छ, त्यो परिवर्तन सम्भव हुँदैन। चुनावमा पैसा कमाउने र पैसा बाँड्ने उम्मेदवार खोज्ने परिपाटीले चुनावलाई दशैं बनाउन खोज्ने हावी भएका छन।

केहीलाई नगदै बाँड्ने, केहीलाई भोजभतेर खुवाएर रिझाउने विकृति देशैभरि देखिएको छ। कतिपय उम्मेदवार त धनबलमात्रै होइन बाहुबल पनि प्रयोग गर्छन्। त्यसैले निर्वाचन भनेको मनी र मसलको पर्यायवाचीजस्तो बन्न गएको छ। यस्तै विकृतिले लोकतन्त्रलाई कमजोर बनाएको छ। यस्ता विकृतिको अन्त्यका लागि पहिलो त राजनीतिक दलहरू नै इमान्दार हुन जरुरी छ। विचार, सिद्धान्त र आदर्शलाई प्राथमिकता दिन जरुरी छ। देश बनाउने भिजनसहित राजनीति गर्नुपर्छ। जनताको सेवामा आफूलाई समर्पित गर्नुपर्छ।

चुनावी अभियानका लागि पैसा चाहिनु स्वाभाविक हो। त्यसैलाई ख्याल गरेर निर्वाचन आयोगले समेत खर्चको एउटा सीमा तोकेको छ। चुनावी अभियानकै लागि खर्च हुन्छ। हाम्रोमा पनि चुनावी अभियानका क्रममा हुने खर्चलाई अस्वाभाविक नमानिए पनि भड्किलो प्रचार र मत किन्न पैसाकै चलखेल गर्ने प्रवृत्ति चाहिँ लोकतन्त्रका लागि घातक हो।

यो घातककर्मलाई सच्याउन सक्ने पहिलो राजनीतिको बागडोर सम्हालिरहेका दलहरूले हो। र, मतदाता आफैंले आफ्नो मत बिक्री गर्नु हुन्न। इमान र योग्यता भएको उम्मेदवार छनोट गर्नुपर्छ। निर्वाचन आयोग र प्रशासनिक निकायले समयमै बिकृति रोक्न तयार नभएसम्म चुनावले सहि प्रतिनिधि छान्न सक्दैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# नेपालले पाकिस्तानलाई हरायो

**रासस**
**काठमाडौं ३० कार्तिक**

अन्तराष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलमा नेपालले पाकिस्तानलाई पराजित गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा नेपालले पाकिस्तानलाई १-० गोअन्तरले पराजित गर्दै विजयी भएको हो। यस जितसँगै नेपालले दशरथ रङ्गशालामा ५० औं खेल पूरा गऱ्यो। यसअघि दशरथ रङ्गशालामा सन् १९८४ मा आयोजना भएको पहिलो दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले औपचारिक खेल खेलको थियो। नेपालको जितमा अन्जन विष्ट नायक बने। उनले खेलको ८२ औं मिनेटमा गरेको एक गोल नै नेपालको लागि निर्णायक गोल सावित भयो। सुनिल बलको पासलाई सदुपयोग गर्दै अन्जनले गोल गरेका थिए। पाकिस्तान विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) को निलम्बन फुकुवा भएपछि पहिलो अन्तर्राष्ट्रिय खेल खेल्न नेपाल आएको हो। नेपालले पछिल्लो पटक पाकिस्तानसँग सन् २०१८ मा खेलेको थियो। बङ्गलादेशको ढाकामा भएको साफ च्याम्पियनसिपमा नेपाल पाकिस्तानसँग २-१ गोलअन्तरले पराजित भएको थियो।

# पर्वतमा जिप दुर्घटनामा चालकको मृत्यु, ११ घाइते

**पोखरापत्र संवाददाता**
**पर्वत ३० कार्तिक**

पर्वतको जलजला गाउँपालिका-३ माइनडाँडामा आज साँझ जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा ११ जना घाइते भएका छन्।

वारीबेनीदेखि मल्लाज जाँदै गरेको ग१ज ५२९६ नम्बरको जिप दुर्घटनामा गम्भीर घाइते भएका तीन जनालाई पोखरा रिफर गरिएको र आठ जनाको म्याग्दीको बेनी अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा परी जिपका चालक पर्वतको जलजला गाउँपालिका-२ का ३७ वर्षीय डम्मरबहादुर नेपालीको उपचारको क्रममा बेनी अस्पतालमा मृत्यु भएको प्रहरी निरीक्षक प्रकाश राउतले जानकारी दिनुभयो। गम्भीर घाइते भएका उमेर नखुलेकी सिर्जना परियार, वर्ष १५ का आशिस नेपाली र वर्ष ३० का सुमन नेपालीलाई पोखरा पठाइएको छ।

घाइते सबैको बेनी अस्पतालमा उपचार भइरहेको छ। जिपमा सवार सबैजना जलजला गाउँपालिका-२ का बासिन्दा हुन्। जिप उकालो सडकबाट करिब एक सय ५० मिटर तल पाखोमा खसेको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरी निरीक्षक राउतले जानकारी दिनुभयो।

# महँगी बढ्यो, तराईमा सबैभन्दा बढी

**रासस**
**काठमाडौं ३० कार्तिक**

चालु आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक अवधिमा मूल्यवृद्धि आठ दशमलव ५० प्रतिशत पुगेको छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार असोज महिनासम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि आठ दशमलव ५० प्रतिशत पुगेको हो। राष्ट्र बैंकको विवरणअनुसार तराई क्षेत्रमा मूल्यवृद्धि चर्को छ। काठमाडौं उपत्यकामा छ दशमलव ९३ प्रतिशत, तराईमा नौ ४२ प्रतिशत, पहाडमा आठ दशमलव ८४ प्रतिशत र हिमालमा सात दशमलव ०७ प्रतिशत महँगी बढेको बैंकले जनाएको छ। यो अवधिसम्ममा खाद्य तथा पेय पदार्थको मूल्यवृद्धि आठ दशमलव ०५ प्रतिशत र गैरखाद्य तथा सेवा क्षेत्रको मूल्यवृद्धि आठ दशमलव ८५ प्रतिशत रहेको छ। त्यस्तै, रेष्टुराँ तथा होटल क्षेत्रको वार्षिक बिन्दुगत मूल्यवृद्धि १५ दशमलव ९१ प्रतिशत, फलफूलको १२ दशमलव ०६ प्रतिशत, मदिराजन्य पेय पदाथको १० दशमलव २४ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव ४५ प्रतिशत र सुर्तीजन्य पदार्थको आठ दशमलव ४४ प्रतिशत रहेको छ। सेवा समूहअन्तर्गत यातायात क्षेत्रको मुद्रास्फीति २१ दशमलव १५ प्रतिशत, स्वास्थ्य क्षेत्रको १० दशमलव ५४ प्रतिशत, फर्निसिङ्ग तथा घरायसी उपकरणको नौ दशमलव ४५ प्रतिशत र शिक्षाको आठ दशमलव ११ प्रतिशत रहेको छ। प्रतिवेदन अनुसार असोज महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १३ दशमलव ७३ प्रतिशत रहेको छ।

# तीन महिनामा दुई खर्ब ८१ अर्ब विप्रेषण भित्रियो

**रासस**
**काठमाडौं ३० कार्तिक**

गतवर्षको तुलनामा चालु आर्थिक वर्षको तीन महिनामा विप्रेपण आप्रवाहमा १७ प्रतिशतले वृद्धि भएको छ।

समीक्षा अवधिमा दुई खर्ब ८१ अर्ब पाँच करोड विप्रेषण भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.१ प्रतिशतले घटेको छ। अमेरिकी डलरमा आप्रवाह ७.९ प्रतिशतले वृद्धि भई रु दुई अर्ब १९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागिअन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या १२३.१ प्रतिशतले वृद्धि भएको छ। सो अवधिमा एक लाख ४७ हजार नौ सय ३२ जनाले श्रम स्वीकृति लिएका छन्। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६६.२ प्रतिशतले वृद्धि भएको छ। सो अवधिमा ५७ हजार आठ सय ६१ जनाले पुनः श्रम स्वीकृति लिएका छन्। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१९.७ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर १७.१ प्रतिशतले वृद्धि भई रु तीन खर्ब १० अर्ब ४० करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ७.६ प्रतिशतले घटेको थियो।

# कास्की २ मा एमालेका बौद्धिक र उद्यमी मातृशक्ति उम्मेदवार प्रतिष्पर्धामा

**पोखरापत्र संवाददाता**
**पोखरा ३० कार्तिक**



मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा प्रत्यक्ष तर्फ दलहरुले महिलालाई कम अवसर दिएका छन्। संसदमा एक तिहाई महिला हुनै पर्ने संवैधानिक व्यवस्था छ। समानुपातिक सूचीबाट उक्त व्यवस्था पूरा गर्नुपर्ने हुन्छ।

गण्डकी प्रदेशभित्र एमालेले प्रतिनिधि सभामा प्रत्यक्षतर्फ ३ जना र प्रदेशमा ३ जना महिला उठाएको छ। सत्ताको नेतृत्वमा रहेको नेपाली कांग्रेसले गण्डकी प्रदेशबाट संघ र प्रदेश दुवैतिर महिलालाई उम्मेदवार बनाएको छैन। माओवादी केन्द्रले प्रदेश सभामा १ जना उठाएको छ। संघमा माओवादीबाट उम्मेदवारी शून्य छ। यद्यपी कास्की निर्वाचन क्षेत्र नं. २ को भने अवस्था फरक छ। यस क्षेत्रमा नेकपा एमालेबाट ६६ प्रतिशत महिला उम्मेदवार प्रतिष्पर्धामा उत्रिएका छन्।

नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ। संविधान निर्माणमा सहभागि दलहरुबाटै कतिपय क्षेत्रमा सशक्त रुपमा कार्यान्वयनसंगै व्यवहारमा उतारेको नपाइएपनि कास्की क्षेत्र नं. २ मा एमालेले भने प्रतिनिधि सभा र एक प्रदेश सभा सदस्यमा मातृशक्तिलाई प्राथमिकताका साथ प्रतिष्पर्धामा उतारेको हो। कास्की निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यमा बौद्धिक व्यक्तित्व विद्या भट्टराई अधिकारी र २ (ख) प्रदेश सभा सदस्यमा उद्यमी व्यवसायी महिला उम्मेदवार मिना गुरुङ पाँच दलीय गठबन्धनका पुरुष उम्मेदवारसँग प्रतिष्पर्धामा उत्रिएकी छन्। नेकपा एमालेकी केन्द्रीय सदस्य भट्टराई पृथ्वीनारायण क्याम्पसबाट प्राध्यापन शुरु गरि डेढ दशक भन्दा बढी प्राध्यापन पेशामा संलग्न रहिन्। उनी विकास प्रेमी नेता रविन्द्र अधिकारीको धर्मपत्नी हुन्। तत्कालिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्रको हेलिकप्टर दुर्घटनामा परि निधन भएपछि उनी त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापक पदबाट राजिनामा दिएर २०७६ को उपनिर्वाचनमा एमालेका तर्फबाट उम्मेदवार बनेकी थिईन्।

नेपाली कांग्रेसका खेमराज पौडेललाई पछि पार्दै भारी मतका साथ विजयी भएकी नेत्री भट्टराई २०७९ सालको मंसीर ४ को निर्वाचनमा भने पाँच दलीय गठबन्धनतर्फ एकिकृत समाजवादी (एस) का पोलिटव्यूरो सदस्य श्रीनाथ बरालसँग उच्च प्रतिपर्धामा छन्।

उपनिर्वाचनमा निर्वाचित भएपछि लगत्तै विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरका कारण विकास निर्माणका साथै जनता माझ भौतिक रुपमा उपस्थित हुन नसकेकी भट्टराईले संसदीय अभ्यासमा भने राम्रो अनुभव लिईसकेकी छन्। एमालेले कास्की २ (ख) बाट प्रदेश सभा सदस्यमा उद्यमी एवम् सफल व्यवसायी महिला मिना गुरुङलाई उम्मेदवार बनाएको छ भने गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका नेता एवम् गण्डकी प्रदेश सरकारका मन्त्री विन्दुकुमार थापा निर्वाचनको मैदानमा उत्रिएका छन्। नेपाल ट्रेड युनियन महासंघ(जिफण्ड) मा लामो समय नेतृत्वदायी भूमिका निर्वाह गरेकी गुरुङ गण्डकी प्रदेश सभामा समानुपातिक सांसद थिईन्। कोभिडको महामारीमा उनले श्रमिक मजदुरको चुलो बाल्ने र घरमा पठाउने काममा महत्वपूर्ण भूमिका निर्वाह गरिन्। एमालेले गण्डकी प्रदेश सभाको समानुपातिकतर्फ मेडिकल क्षेत्रमा आवद्ध वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. छममाया पुनलाई अघि सारेको छ। उनीहरु यतिखेर संगसंगै पार्टीको घोषणापत्र, प्रदेश प्रतिवद्धतापत्र उम्मेदवार परिचय सहित मतदाताको घरदैलोमा व्यस्त छन्।

त्यसैगरि एमालेको तर्फवाट निर्वाचन क्षेत्र नं.२ (क) बाट प्रदेश सभा सदस्यमा पार्टी केन्द्रीय कमिटि सदस्य भिमबहादुर कार्कीलाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छ। नेकपा माओवादी केन्द्रका नेता विश्वप्रकाश लामिछाने उनको प्रतिष्पर्धी हुन्।

गण्डकी प्रदेशका निवर्तमान उपसभामुख सिर्जना शर्माले राजनैतिक दलले निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फ ३३ प्रतिशत महिला उम्मेदवार बनाउनु पर्नेमा जोड दिईन्।

उनले सामाजिक विभेद र आर्थिक असमानताका कारण महिलाहरु राजनैतिक प्रतिष्पर्धी बन्नबाट बञ्चित भएपनि विद्या भट्टराई र मिना गुरुङ यतिखेर सिंगो आधा आकाश ढाकेका महिलाको लागि प्रेरणाका श्रोत बनेको बताईन्। 'सुशासनयुक्त समाज निर्माणमा पुरुषको तुलनामा महिला बढी जिम्मेवार बन्ने अवसर प्राप्त गरेका महिलाको कार्य दक्षताले पुष्टी गरेको छ।' उनले भनिन्-'प्रचारप्रसारको क्रममा घरदैलो कार्यक्रममा महिला उम्मेदवार पाउँदा मतदातामा समेत उत्साह बढ्ने देखियो। अवसर पाए महिला पुरुष भन्दा कुनै क्षेत्रमा पनि कमि हुँदैनन् भन्ने विश्वासका साथ मुलुकका सबै राजनैतिक पार्टीले प्रत्यक्ष निर्वाचनमा ५० प्रतिशत महिलालाई उम्मेदवार बनाउनु पर्दछ।' गठवन्धनको कारण कतिपय सक्षम महिला नेत्रीहरु मर्कामा परेको बताउँदै उनले संविधान पूर्णरुपमा पालन गर्नका लागि महिलाको मात्र प्रतिष्पर्धा गर्ने निर्वाचन क्षेत्रको समेत व्यवस्था गर्नुपर्नेमा जोड दिईन्।

निर्वाचनमा सवै राजनैतिक दलले संवैधानिक व्यवस्था अनुसार प्रत्यक्षतर्फ महिला उम्मेदवार बनाउन सकेका छैनन्। मुलुकमा विभिन्न राजनैतिक दल सहित कुल दुई हजार १२ जना उम्मेदवार मध्ये २२५ जना महिला उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। जसमा प्रत्यक्षतर्फ महिला उम्मेदवारको संख्या नौ दशमलव ३३ प्रतिशत मात्र रहेको छ।

# स्वास्थ्य पर्यटनको गन्तव्य बन्दै तातोपानी कुण्ड

**रासस**
**म्याग्दी, ३० कार्तिक**

म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गामा रहेको प्राकृतिक तातोपानी कुण्ड स्वास्थ्य पर्यटनको गन्तव्य बन्दैगएको छ। प्राकृतिक चिकित्सालयको नामले चर्चित म्याग्दीको तातोपानीकुण्डमा डुबेर उपचार गराउन आएका बिरामी र आफन्तहरूको भीड लागेको छ। तातोपानीका होटल र घरबास 'होमस्टे'हरू भरिभराउ भएका छन्।

तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीका अनुसार दैनिक दुई सयदेखि तीन सयको हाराहारीमा बिरामी कुण्डमा नुहाउन आउने गरेका छन्। अहिले कुण्डमा आलोपालो गरेर नुहाउने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो।

निर्वाचन सकिएपछि यहाँ विगतको भन्दा उल्लेख्य मात्रामा भीड बढ्ने अनुमानसहित आवश्यक सुविधाहरू थप गरिएको समितिले जनाएको छ। पश्चिमबाट पूर्वतर्फ बगेको म्याग्दी नदीको किनारमा अवस्थित तातोपानी कुण्डमा प्राकृतिकरूपमा नै जमिनभित्रबाट ५० डिग्री सेल्सियस तापक्रमको पानी निस्कने गर्दछ। बिरे नुनको गन्ध मिश्रित तातोपानी पिउँदै कुण्डमा बिहान तीन घण्टा र बेलुकी तीन घण्टा सातदेखि दश दिनसम्म नुहाएमा बाथरोग, ढाड दुख्ने, ग्यास्ट्रिक, चर्मलगायत रोग निको हुने विश्वास रहेको छ। बागलुङको ढिकीचौरबाट पहिलो पटक तातोपानीमा नुहाउन आउनुभएकी शर्मिला गौतमले लगातार सात दिनसम्म तातोपानीमा डुबेर उपचार गर्दा आफूलाई ढाड दुख्न कम भएको बताउनुभयो। यहाँ लगातार एक हप्तादेखि १५ दिनसम्म डुबेर उपचारका लागि तातोपानी कुण्डमा स्नान गर्नेको भीड लाग्छ। नेपाल र भारतका ठूला अस्पतालमा उपचार गर्दा पनि निको नभएका बिरामी उहाँ उपचारका लागि आउने गरेका छन्। परिवार र आफन्तको सहायतामा तातोपानी कुण्ड पुग्ने बिरामी लगातार हप्ता दिनसम्म स्नान गरेपछि आफ्नै खुट्टाले टेकेर घर फर्कने गरेको स्थानीय कृष्णबहादुर केसीले बताउनुभयो। "तातोपानी कुण्ड स्वास्थ्य पर्यटनको केन्द्र बन्दै गएको छ, यसले म्याग्दी जिल्लाको गौरव बढाउनाका साथै स्थानीयको आम्दानीसमेत वृद्धि भएको छ, विदेश गएकाहरू पनि फर्केर यहाँ होटललगायत अन्य व्यवसाय गर्न थालेका छन्", केसीले भन्नुभयो।

वार्षिक करिव २० हजार जनाले तातोपानी कुण्डमा स्थान गर्न आउने गरेको कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो। कोरानाकालका २ वर्षबाहेक त्यसअघिका वर्षहरूमा यहाँ कात्तिकदेखि फागुन महिनासम्म थेगीनसक्नुको भीड हुने गर्दथ्यो। कात्तिक दोस्रो सातासम्म सात सयजना भन्दा बढीले स्नान गरेका कुण्ड व्यवस्थापन समितिले जनाएको छ।

नेपालबाट मात्रै होनइ, भारत र तेस्रो मुलुकबाट पनि स्नान गर्न आउने बिरामीको सङ्ख्या बढ्दो छ। स्नान गर्न आउनेको सङ्ख्या बढ्दै गएपछि पुरुष र महिलालाई पालैपालो स्नानका लागि व्यवस्था गरिएको छ।

# अवकास पछिको तारानाथको जीन्दगी देश विकासमा

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

अवकास पछिको जीन्दगी सपना धेरैको घुम्ने, तीर्थ यात्रा गर्ने, घुमफिर गर्ने, आराम गरेर घरमै नाति नातीनिको हेर्ने । तर अवकास भएको दश वर्ष पछि नेपाल सरकारवाट २०७० असार २४ मा नेपाल सरकारवाट पशुपति क्षेत्र विकास कोषमा नियुक्त । सरकारको विशिष्ट श्रेणीको उच्चतम तह( मुख्य सचिव) सरहको तलव, भत्त सुविधा पाउने गरी कोषाध्यक्ष पदमा चार वर्षको लागि नियुक्त भएका हुन् तारानाथ सुवेदी ।



पोखरा महानगरपालिका वडा नं २ घर भइ कास्की क्षेत्र न २ वाट प्रतिनिधिसभाका उम्मेदवार वनेका हुन सुवेदी । सरकारवाट त्यती राम्रो सेवा सुविधा पाए पनि सुवेदी घरवाटै तातो पनि र विष्कुट लिएर पशुपतिको सेवामा खटिरहे । मन्दिरको हरेक कार्य, बैठक र बोर्ड बैठकमा समेत घरवाटै तातो पानी र विष्कुट लिएर सहभागी हुन्थ्यो । तत्कालीन मन्त्री रामकुमार श्रेष्ठले अरु सुविधा जे गरेपनि घरवाट आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु अनुरोध पछि गाडी प्रयोगमा ल्याएका थिए सुवेदीले । सुवेदी आफु मात्रै सुखसयलमा विताउने नभएर सिंगो देश र देशवासीको लागि विकास र समृद्धिको यात्रामा लैजाने उदेश्य बोकेको छ। प्राकृतिक सुन्दरता र धार्मिक शक्तिपीठहरुले भरिभराउ नेपालमा भौतिक पूर्वाधारको विकास गर्दै धार्मिक पर्यटनको ढोका खोलेर देशलाई आर्थिक समृद्धितर्फ लैजान बुढ्यौली उमेरमा पनि सुवेदी तन्नेरी जोश र जाँगरका साथ चुनावी मैदानमा होमिएका छन । आगामी मंसिर ४ गते हुन गइरहेको संघ र प्रदेशको चुनावमा कास्की क्षेत्र नं २ वाट प्रतिनिधि सभाका लागि उम्मेदवारी दिएका सुवेदी दृढ ईच्छा शक्ति, इमान्दारिता र लगन शिलताका साथ काम गरेमा देशमा पर्यटनमार्फत सजिलै विकासको ढोका खोल्न सकिने विश्वास गर्दछन । नेपालको उतरी क्षेत्र मुस्ताङ्गको मुक्तिनाथ हिन्दू र बौद्ध धर्मालम्वीहरुको प्रमुख गन्तव्य भएको वताउँदै सुवेदीले अरवौं जनसंख्या रहेको भारतवाट र चीन, जापान, श्रीलंका लगायतका देशबाट बौद्ध धर्मालम्विहर ल्याउन सकेमा पर्यटनको क्षेत्रमा ठुलो फड्को मार्ने विश्वास व्यक्त गरे । मुक्तिनाथसम्म पर्यटन लैजानका लागि मुक्तिनाथदेखि कास्कीको लाहाचोकसम्म सुरुङ रेलमार्ग बनाउनु पर्ने सुवेदीको भनाई छ । अहिले मुक्तिनाथसम्म जाने मोटरवाट कच्ची, लामो र ठाउँ ठाउँमा खतरायुक्त भएको तथा हवाई जहाज मार्ग पनि भरपर्दो नभएकोले जति धार्मिक पर्यटक आउनु पर्ने हो आउन नसकेका सुवेदीको ठम्याई छ । सुवेदीले अरबौं रुपयाँमा ल्हासादेखि काठमाडौसम्म रेलमार्गको कुरा योजना गर्न सकिने, रक्सौलदेखि काठमाडौंसम्म पनि रेलमार्ग बनाउन सकिन्छ भने मुक्तिनाथदेखि कास्कीको लाहाचोक सम्म पनि करिव २० किलोमिटर लामो सुरुङ्गमार्गमार्फत रेल संचालन गर्न सकिने वताए । नेपालका पहरा फोरेर सुरुङ्गमार्ग बनाएर रेल चलाउन सकेमा पर्यटकलाई सुविधा र सुरक्षा दुवै हुने भएकोले सुवेदीले चुनावमा यसलाई मुख्य मुद्दाको रुपमा उठाएको वताए । सुवेदीको चुनाव चिन्ह माछा रहेको छ । दशकौं नेपालको उच्च पदमा रहेर सरकारी जागिर खाएर अवकास प्राप्त भएका सुवेदीले पर्यटनमार्फत नेपालमा विकास र समृद्धि ल्याउन नै आफुले स्वतन्त्र उम्मेदवारी दिएका वताए । स्वतन्त्र उम्मेदवारलाई कुनै दलले व्हीप लगाउन नसक्ने र स्वतन्त्रपूर्वक काम गर्न सक्ने भएकोले कास्की क्षेत्र नं २ बाट प्रतिनिधि सभामा चुनिएर देशको विकास गर्नका लागि सवै मतदातालाई हार्दिक अपिल गरेका छन । आफुले चुनाव जितेमा ईमान्दारितापूर्वक काम गर्ने विश्वास पनि सुवेदीले दिलाएका छन । फेवातालमा चारैतिर सुन्दर आर्कषक टापुहरु बनाएर पर्यटकको आर्कषणको केन्द्र वनाउन सकिने भएकोले विशेष गुरुयोजनाको खाँचो रहेको सुवेदीको भनाई छ। फेवाताललाई संरक्षण गर्न त्यहाँ आउने बाढिलाई मोडेर फुस्रेखोलामा लैजानका लागि एकिकृत राष्टिय योजना बनाउनुपर्नेमा सुवेदीको जोड छ।

देशमा वेरोजगारीको समाधान गर्न र युवा शक्तिलाई विदेश पलायनवाट रोक्नका लागि कृर्षि क्षेत्रमा भूमि सुधार र उपयोगमार्फत कृर्षि क्रान्ति ल्याउनुपर्ने सुवेदीको जोड छ । बृद्धबृद्धाहरुको स्याहार, सुसार र सम्मानका लागि हेरचाहको ग्यारेन्टी गर्दै मासिक ५० हजार रुपयाँ दिनुपर्ने सुवेदीको योजना छ।

देशलाई भ्रष्टाचार, विकृति, विसंगती, सिण्डिकेट, नातावाद, कृपावादका कारण धरासायी बन्दै गएकोले चुस्त, दुरुस्त पारदर्शी सेवा दिनुपर्नेमा सुवेदीले जोड दिएका छन । २००२ साल असोज १७ गते जन्मेका सुवेदीले एम ए र बीएल उर्तिण गरेका छन् ।

# 'क्होला सोंथरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्छु' : श्याम

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

मंसिर ४ गते हुने निर्वाचनमा गण्डकी प्रदेशसभा सदस्यका लागि कास्की क्षेत्र नम्वर १ 'ख' का एमाले उम्मेदवार बेदबहादुर गुरुङ 'श्याम'ले तमुहरुको ऐतिहासिक स्थल क्होला सोंथरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्ने बताएका छन् ।



बुधवार घरदैलो कार्यक्रममा बोल्दै गुरुङहरुको आदिम थलोको रुपमा परिचित क्होला सोंथरको संरक्षण र प्रवर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गरे । निर्वाचित भएपछि उनले ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक हिसाबले महत्वपूर्ण रहेको क्होला सोंथरलाई विश्व सम्पदा सूची राख्न पहल गर्ने बताए। 'क्होला सोंथर हाम्रो पैतृक थलो हो। यसलाई हामीले नै जोगाउनु पर्छ । मलाई जिताउनु भयो भने संसदमा होस् या सरकारमा सम्पूर्ण गुरुङहरुको प्रतिनिधित्व गर्दै यसलाई जोगाउन विशेष पहल गर्ने छु ।' उनले भने, 'ऐतिहासिक, धार्मिक र सांस्कृतिक रुपले मात्र हैन,पर्यटकिय दृष्टिकोणबाट पनि निकै महत्वपुर्ण छ । यसलाई हामीले जोगाएर संसारसामु चिनाउन सक्यौं भने यस क्षेत्रमा पर्यटकको ओइरो लाग्छ ।'

उनले १२ औं शताव्दीसम्मको इतिहास क्होला सोंथरमा फेला परेको भन्दै क्होलाको बारेमा भएको अलिखित इतिहासहरुको खोजी गर्ने र यसलाई लिपिबद्ध गर्ने प्रतिवद्धता जनाए । उनले आफू मादीगाउँपालिकाको प्रमुखको रुपमा काम गर्दा क्होला सोंथरको प्रवर्द्धनमा काम गरेको सुनाए । मादी गाउँपालिका वडा नं २ ताङतिङ हुँदै तमुहरुको सभ्यता संस्कृति जोडिएको त्यस स्थलसम्म पुग्ने १० किलोमिटर मोटरबाटो खनेको जनाए। उनले संघीय सांसद खगराज अधिकारीको विशेष पहलमा करिव ७० लाखको बजेटमा पहिलो चरणको ट्र्याक खोलेको र अब बाँकी काम पनि सम्पन्न गर्न एमालेलाई नै जिताउनु पर्ने कुरा बताए । उनले क्होला सोंथरसंगै यस क्षेत्रका धार्मिक, सास्कृतिक, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु, मठमन्दिर, कोइबु धिं, गुम्बा, मस्जिद, गिर्जाघर, कोट, तिर्थस्थल आदिको संरक्षण र प्रवर्धन गर्ने कुरा जनाए। उनले पोखरा १३ मा कुँडहरमा एकीकृत मुस्लिम धार्मिक क्षेत्र परियोजना सम्पन्न गर्ने वाचा समेत गरे । अर्को प्रसङ्गमा उनले आफ्नो निर्वाचन क्षेत्रको सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार निर्माण, नीति निर्माणमा महत्वपूर्ण काम गर्ने बताए। निर्वाचित भएपछि सबै उमेर समूह, जाति, भूगोल अनि वर्गलाई समेटने योजना आफूसंग भएको सुनाए। त्यस्तै उनले देशलाई विकासको बाटोमा हिडाउन एमालेको बहुमतको सरकार आवश्यक रहेको बताए । उनले आफूले मादीको अध्यक्ष हुँदा नमुना गाउँपालिकाको रुपमा स्थापित गरेको दाबी गरे र अझै थुप्रै काम गर्न बाँकी रहेको बताए । 'कसले काम गरेको छ ? कसले गरेको छैन ? त्यो जनताले पहिचान गरेर मत हाल्नु पर्छ ।' उनले भने । बुधबार उनले पोखरा १३ र १४ का विभिन्न स्थानहरुका मतदाता माझ पुगेर सुर्य चिन्हमा मत मागेका छन् । नेकपा एमालेले कास्की १ ले निर्वाचन केन्द्रित रहेर उम्मेदवार भेटघाट कार्यक्रमलाई तीव्रता दिइरहेको छ । नेकपा एमालेले कास्की क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा तर्फ जिल्ला अध्यक्ष मन बहादुर गुरुङ, प्रदेश 'क' तर्फ खगराज अधिकारी र 'ख' तर्फ वेद बहादुर गुरुङ श्यामलाई उठाएको छ ।

# संघीयसँगै प्रदेशससभाको निर्वाचनमा पनि उत्तिकै चासो

पोखरापत्र संवाददाता
दमौली, ३० कार्तिक

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पाँच दिनमात्र बाँकी छ । प्रचारप्रसारको अवधि भने दुई दिनमात्र बाँकी छ । उम्मेदवार यतिबेला मतदाता रिझाउन घरदैलोमा व्यस्त छन् । सङ्घीय निर्वाचन क्षेत्रमा बढी चर्चा हुँदा प्रदेशसभाका उम्मेदवार ओझेलमा परेका छन् । सङ्घीयतालाई मजबुद बनाउने आधार प्रदेशसभा क्षेत्रको चर्चा कम हुने गरेपनि प्रदेशको भूमिका उत्तिकै महत्वपूर्ण छ ।

तनहुँका चार प्रदेशसभा क्षेत्रमा २९ जना चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । तनहुँ १ को प्रदेश (१) मा ११ र प्रदेश (२) का लागि सात जनाको उम्मेदवारी दर्ता भएको छ । तनहुँ २ को प्रदेश (१) मा आठ र प्रदेश (२) मा छ जनाको उम्मेदवारी दर्ता भएको छ । यद्यपि नेकपा (एकीकृत समाजवादी)ले तनहुँ १ प्रदेश १ मा उम्मेदवारी कायमै राखेर अन्य तीन प्रदेशसभा क्षेत्रमा उम्मेदवारी निष्क्रिय गराएको छ । तनहुँ क्षेत्र नं १ प्रदेश १ तर्फ वामलोकतान्त्रिक गठबन्धनबाट नेपाली कांग्रेसका अशोककुमार श्रेष्ठ, नेकपा (एमाले) का रामबहादुर गुरुङ, जनता समाजवादी पार्टी नेपालका अर्जुन गुरुङ, मौलिक जरोकिलो पार्टीका चिजकुमार श्रेष्ठ भन्ने बाबुराम आले, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका विजयकुमार शाही, मङ्गोल नेशनल अर्गनाइजेशनका भीमबहादुर लामा, नेकपा (एकीकृत समाजवादी) का विद्यानाथ ढकाल, राप्रपाका विवेक न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीका भुवनसिं थापा, स्वतन्त्र हरिराज जोशी र रामबहादुर थापा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

तनहुँ क्षेत्र नम्बर १ प्रदेश २ तर्फ वामलोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी केन्द्र) का हरिबहादुर चुमान, नेकपा (एमाले) का पूर्णबहादुर गुरुङ, जनता समाजवादी पार्टी नेपालका किसन भुजेल, मङ्गोल नेशनल अर्गनाइजेशनका रनबहादुर खवास, नेकपा (एकीकृत समाजवादी) का कलिला खातुन, राप्रपाका राजु गोतामे र राष्ट्रिय जनमुक्ति पार्टीका खेमबहादुर गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । तनहुँ क्षेत्र नं २ प्रदेश १ तर्फ वामलोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी केन्द्र) का राजेन्द्रकेशरी न्यौपाने, नेकपा (एमाले) का श्यामराजा महत, मौलिक जरोकिलो पार्टीका टोलराज वाग्ले, मङ्गोल नेशनल अर्गनाइजेशनका सुमन थापा मगर, नेकपा (एकीकृत समाजवादी) का दुर्गाकुमार श्रेष्ठ, राप्रपाका रेशमराज अधिकारी, राष्ट्रिय जनमुक्ति पार्टीका नेत्रबहादुर थापा, जनसमाजवादी पार्टी नेपालका रामबहादुर विश्वकर्मा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । तनहुँ क्षेत्र नं २ प्रदेश २ तर्फ वामलोकतान्त्रिक गठबन्धनबाट नेपाली कांग्रेसका जितप्रकाश आले मगर, नेकपा (एमाले) का केदार सिग्देल, मङ्गोल नेशनल अर्गनाइजेशनका नमबहादुर राना, नेकपा (एकीकृत समाजवादी) का प्रतापलाल श्रेष्ठ, राप्रपाका श्यामकुमारी राई, राष्ट्रिय जनमुक्ति पार्टीका धनबहादुर गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

तनहुँ १ प्रदेश १ मा वामलोकतान्त्रिक गठबन्धनबाट नेपाली कांग्रेसका अशोककुमार श्रेष्ठ र नेकपा (एमाले) का रामबहादुर गुरुङबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ। गुरुङ दोस्रो कार्यकालका लागि प्रदेशसभा सदस्यमा प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । प्रदेश २ मा वामलोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी) का केन्द्रका हरिबहादुर चुमान र नेकपा (एमाले) का पूर्णबहादुर गुरुङबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । गुरुङ हालैमात्र नेपाली कांग्रेसबाट नेकपा (एमाले) प्रवेश गर्नुभएको थियो । तनहुँ २ प्रदेश १ मा वामलोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी) केन्द्रका राजेन्द्रकेशरी न्यौपाने र नेकपा (एमाले) का श्यामराजा महतबीच प्रतिस्पर्धा हुँदैछ। प्रदेश २ मा वाम लोकतान्त्रिक गठबन्धनबाट नेपाली कांग्रेसका जीतप्रकाश आले र नेकपा (एमाले) का केदार सिग्देलबीच प्रतिस्पर्धा हुँदैछ।

तनहुँ १ प्रदेश १ का उम्मेदवार अशोककुमार श्रेष्ठले गाउँनगरको विकास मुख्य एजेण्डा रहेको बताउँदै भन्नुभयो, "यस क्षेत्रका धार्मिक, ऐतिहासिकस्थलको विकास गर्दै तनहुँलाई नमूना जिल्ला बनाउने लक्ष्यमा कार्ययोजनासहित लागिपर्नेछ ।" उम्मेदवार रामबहादुर गुरुङले आफूले सुरु गरेका विकासका योजना अधुरा रहेकाले त्यसलाई पूरा गर्नु मुख्य एजेण्ड रहेको बताउनुभयो । तनहुँ १ प्रदेश २ का उम्मेदवार हरिबहादुर चुमानले शान्ति प्रक्रियाका कामलाई पूर्णता दिन, भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापित गर्न, जनजीविकाका मुद्दालाई प्राथमिकता दिन उम्मेदवारी दिएको बताउनुभयो । उम्मेदवार पूर्णबहादुर गुरुङले कृषि, पर्यटन, पूर्वाधार तथा शिक्षा र स्वास्थ्यको विकास गरीरोजगारीका अवसर सिर्जना गर्ने प्राथमिकता रहेको बताउनुभयो ।

तनहुँ २ प्रदेश १ का उम्मेदवार राजेन्द्रकेशरी न्यौपानेले समाजवाद उन्मुख समृद्ध योजना मुख्य उद्देश्य रहेको बताउनुभयो। उम्मेदवार श्यामराजा महतले पर्यटकीय सहर पोखरासँग जोडिएको यस क्षेत्रलाई भौतिक पूर्वाधारसँगै सांस्कृतिक सहरको रूपमा विकास गर्ने योजना रहेको बताउनुभयो । तनहुँ क्षेत्र नम्बर १ प्रदेश १ अन्तर्गत व्यास नगरपालिका-२, ३, ४, ७, ८, ९, १०, ११ र भानु नगरपालिका पर्दछन् ।

प्रदेश २ अन्तर्गत व्यास नगरपालिका-१, १२, १३, १४ तथा बन्दीपुर गाउँपालिका, देवघाट गाउँपालिका र आँबुखैरेनी गाउँपालिका पर्दछन् । तनहुँ २ प्रदेश १ अन्तर्गत व्यास नगरपालिका-५ र ६ तथा म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिका पर्दछन् । तनहुँ २ प्रदेश २ अन्तर्गत ऋषिङ, घिरिङ गाउँपालिका र भिमाद नगरपालिका पर्दछन् । विसं २०७४ को निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी) केन्द्रको गठबन्धन हुँदा तनहुँ क्षेत्र नम्बर १ र २ को प्रतिनिधिसभा नेकपा (एमाले) ले जितेको थियो । त्यस्तै नेकपा (एमाले) ले तनहुँ १ को प्रदेश १ र तनहुँ २ को प्रदेश २ मा जित हासिल गरेको थियो । नेकपा (माओवादी) केन्द्रले तनहुँ १ को प्रदेश २ र तनहुँ २ को प्रदेश १ जितेको थियो ।

# राजनीतिलाई राम्रो र विश्वसनीय बनाऔं - बराल

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पाँच दलीय गठबन्धनको तर्फबाट कास्की क्षेत्र नं १ प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बराल राजनीतिलाई राम्रो र विश्वसनीय बनाउनुपर्ने बताउनु भएको छ ।

'राजनीतिलाई राम्रो र विश्वसनीय बनाउन प्रतिवद्ध छु, उहाँले भन्नुभयो - राम्रो र विश्वसनीय राजनीतिले देशलाई बचाउँछ, जनतालाई खुशी दिन्छ ।' राजनीति हो, उम्मेद्बार हुँ भन्दैमा जे पनि बोलिदिने र भनिदिने पक्षमा आफू नरहेको उहाँको भनाइ छ । उहाँले विग्रन लागेको देशलाई जोगाउन पनि आफ्नो उम्मेद्बारी भएको उल्लेख छ । उम्मेद्बार बरालले देश बनाउने अभियानमा सबै एकजुट हुनुपर्ने आवश्यकता समेत औल्याउनुभयो । बुधबार पोखरा २६ का विभिन्न स्थानमा आयोजित कोणसभामा उहाँले देशको ध्यान तान्न सक्ने गरी संसदमा प्रस्तुत हुने भन्दै विजयी गराउन आग्रह गर्नुभयो । 'स्पष्ट योजना छ, स्पष्ट दृष्टिकोण छ, उहाँले भन्नुभयो- सबै मतदाताले गर्व गर्ने गरी काम गर्छु, ढुक्क हुनुहोस् ।' उहाँ पाँच सुत्रीय अभियानका साथ चुनावी मैदानमा हुनुहुन्छ । मेरो इरादा, संसद र सांसदको मर्यादा, राजनीतिमा शुद्वता, मेरो प्रतिवद्वता, समृद्विको निकास, गुणस्तरीय र योजनाबद्ध विकासलाई आफ्नो सुत्र भन्नुभएको छ। त्यस्तै, देशको समृद्वि र शान्ति, बाटो हो कृषि पर्यटनमा क्रान्ति तथा टाउको(ज्ञान), हृदय(प्रेम र शान्ति) र हात (उद्यमशीलता र सीप) सहितको शिक्षा, विकास सुधार गर्ने मेरो महान सदीक्षालाई आफ्नो सुत्रका रुपमा अघि सार्दै निर्वाचनमा होमिनु भएको हो । ती सुत्रका आधारमा कास्की जिल्लालाई राजनीति, विकास र शिक्षाका दृष्टिकोणले चिनाउने संकल्प गर्नुभएको छ । कास्की काँग्रेसका सभापति समेत रहनु भएका उम्मेद्बार बरालले आफू काँग्रेस कार्यकर्ता भएपनि विकास, निर्माण र समृद्धिको विषयमा साझा हुने उल्लेख गर्नुभएको छ। कास्की क्षेत्र नं १(क) प्रदेश सभा सदस्य उम्मेद्बार विगतमा जस्तै यसपटक पनि जनताको साथ र समर्थन पाउँने विश्वास व्यक्त गर्नुभयो ।


## हार्दिक समवेदना



जन्मः
१९९७/०८/२८

स्वर्गारोहणः
२०७९/०७/१९

**स्व. ओम प्रसाद मलेगो**

श्री कार्यसिद्धि विनायक भजन गुठी मोहरिया टोल पोखराका गुठीयार भाइ **ओम प्रसाद मलेगो** ८२ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। स्वर्गीय आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आज १३ औं दिनको पुण्यतिथिमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

रामेश्वर मल्ल
नायो एवम्

**श्री कार्यसिद्धी विनायक भजन गुठी परिवार**

पोखरा-२, मोहरिया टोल


# मादकपदार्थ बिक्री वितरण तथा सेवन नगर्न निर्देशन

रासस
काठमाडौं, ३० कार्तिक

निर्वाचन आयोगले मतदानको मितिभन्दा ४८ घण्टाअघिदेखि मतगणना सम्पन्न नभएसम्म मदिरा बिक्री वितरण र सेवन निषेध गराउन निर्देशन दिने निर्णय गरेको छ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रचारप्रसार निषेध भएको अवधिमा मादक पदार्थ बिक्री वितरण र सेवन गर्न निषेध गर्ने निर्देशन दिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७९ को दफा २५ मा निर्वाचन अधिकृत तथा मतदान अधिकृतलाई मतदान तथा मतगणनाको अवधिमा शान्तिपूर्ण अवस्था कायम राख्नका लागि मतदानको ४८ घण्टाअघिदेखि मतगणना सम्पन्न नभएसम्म मदिरा बिक्री वितरण र सेवन निषेध गराउन निर्देशन दिइएको आयोगले जनाएको छ । आयोगले गरेको चारबुँदे निर्देशनमा प्रचारप्रसार निषेध भएको अवधि (मतदान सुरू हुने दिनभन्दा ४८ घण्टाअघिदेखि मतगणना सम्पन्न नभएसम्म) आवश्यक प्रबन्ध मिलाई मदिरा बिक्री, वितरण, ओसारपसार तथा सेवन गर्ने गराउने कार्यलाई पूर्णरूपले निषेध गर्न सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी प्रमुखलाई निर्देशन दिने उल्लेख छ।